देवचुली नगरपालिका (व.सु.पू.), नवलपरासी

**सि.जि. पार्क अगाडिको जग्गा भाडामा लिई पार्किङ्ग ठेक्का सम्वन्धी वोल पत्र आह्वानको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७५/१२/११

देवचुली नगरपालिका क्षेत्र भित्र पर्ने चौधरी उद्योग ग्राम अगाडी सो उद्योग भित्रकै जग्गामा निर्माण भई सुचारु भएको पवित्र शास्वत धाम दर्शन गर्न र घुम्न आउने भक्तालु र आगन्तुक महानुभावहरुको सवारी साधन पार्किङ्ग गर्न स्थान अभावले गाह्रो भएको। धामको ठीक अगाडी दक्षिण पट्टि पूर्व पश्चिम राजमार्गको क्षेत्रमा पार्किङ्ग गरी आएकोमा सडकमा बढ्दो सवारी चापले पार्किङ्ग गर्न असम्भव भएको। साथै सो स्थानमा दर्शनार्थीहरुको लागि फूल प्रसाद विक्रि गर्ने र खाजा चिया समेत संचालन भएकोमा सो स्थानमा ती सम्पूर्ण कार्य वन्द गरी सोको नजिकै मुख्य राजमार्ग पार गर्दा आउने शाखा बाटो भित्र स्थानीय जग्गा धनी श्री देवेन्द्रराज पौडेल हाल देवचुली नगरपालिका वडा नं. ७ साविक सिसवार गा.वि.स. वडा नं. ६ ख कित्ता नं. ५३३ क्षेत्रफल विगाहामा ०-८-१२ घर वाहेक र श्री ललितराम थनेतको ऐ.ऐ. कि.नं. १५८ विगाहा ०-२-१० र कित्ता नं. २९२को ज. वि. ०-४-५.५ एक आपसमा जोडिएको निजी नम्वरी जग्गा ३.५ वर्ष को लागी नगरपालिकाले मञ्जुरीनामाको आधारमा भाडामा लिई निम्न शर्तको अधिनमा रही दुई वर्षका लागी नगरपालिकाले तोकेको पार्किङ्ग शुल्क लिने शर्तमा उक्त स्थानमा पार्किङ्ग गर्ने ठेक्का लिन ईच्छुक व्यक्ति /फर्म/ संस्था /कम्पनीहरुलाई रितपूर्वको वोलपत्र आह्वान गरि संम्वन्धित सवैको जानकारीको लागी यो सूचना पुनः प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन, त्यस दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन कार्यालय समयभित्र इच्छुक व्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि र फर्म/संस्था/कम्पनी भए दर्ता नविकरणको प्रतिलिपी र आ.व. ०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी निवेदन साथ आफूले मासिक र वार्षिक दिन खोजेको वोलपत्र रकम अंक र अक्षरमा खोली पेश गर्नु पर्ने छ। साथै रु. तीन हजार (पछि फिर्ता नहुने गरी) रकम रसिद काटी कार्यालयवाट तोकिएको अवधिभित्र वोलपत्र फाराम खरिद गर्न सकिने छ।

२. आफुले लिन चाहेको वोल पत्र रकम वोलपत्र फाराममा अङ्क र अक्षरमा स्पष्ट उल्लेख गरी सिलवन्दि गरी खाम वाहिर आफ्नो नाम ठेगाना र पार्किङ्ग गर्न नगरपालिकाले तोकेको कित्ता नं. क्षेत्रफल को जग्गा उल्लेख गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ दिन दिनको ठीक १२:०० वजे त्यस दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिनको सोही समयमा देवचुली नगरपालिकाको कार्यालय प्रगतिनगरमा दाखिला गरि सक्नु पर्ने छ। साथै दर्ता हुन आएका वोलपत्रहरु सोही दिनको १:०० वजे देवचुली न.पा. कार्यालयमा खोलिने छ। वोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा भएको मानिने छैन।

३. वोल पत्र दाताको भ्याट दर्ता अनिवार्य हुनु पर्ने छ। वोलपत्र प्रस्तावको रकममा भ्याट वाहेक प्रस्ताव रकम हुनु पर्ने छ भने प्रस्ताव रकमको नियमानुसारको भ्याट रकम कार्यालयले हिसाव गरी भुक्तानीको व्यवस्था मिलाउने छ।

४. पार्किङ्ग भाडा सम्झौता अवधि सम्झौता गरेको मितिले २४ महिना (२ वर्ष) को हुनेछ। प्रत्येक एक वर्ष भुक्तान पछि पार्किङ्ग भाडा सम्झौतामा कार्यालयले १० प्रतिशत भाडा रकम जोडी नियमानुसार हिसाव गर्नेछ।

५. वोलपत्र दाताले वोलपत्र साथ आफुले गरेको मासिक पार्किङ्ग रकम न्युनतम ७५,०००।- अक्षरुपी पचहत्तर हजार मात्र (भ्याट वाहेक) नघट्ने गरि वढावढ रकम कवोल गर्नु पर्ने छ। कवोल गरेको रकमको ५ प्रतिशतले हुने रकम देवचुली न. पा. कार्यालयको नाममा रा.वा. वैक कावासोती शाखामा रहेको धरौटी खाता नं ३२००३०३००७१०५ मा जम्मा गरेको सक्कल वैंक भौचर संलग्न गरी शिलवन्दी वोलपत्र फारममा समावेश गरी पेश गर्नु पर्ने छ।

६. सवै भन्दा वढि रकम कवोल गर्ने वोलपत्र दाताको वोलपत्र स्वीकृत गरिने छ।

७. वोल पत्र स्वीकृत भएपछि मासिक शुल्क वरावरको रकम संचित कोष खाताको ३२००३०४०१८१०५ मा जम्मा गरेको सक्कल वैंक भौचर पेश गर्नु पर्ने छ।

८. वोलपत्र स्वीकृत भएको जानकारी भएको मितिले ७ दिन भित्र धरौटी सहित वहाल भाडा सम्झौता गर्न नआएमा वोलपत्र साथ रहेको धरौटी रकम जफत गरी नियमानुसारको प्रक्रिया अगाडि वढाइने छ।

Scanned by CamScanner

९ शुल्क रकम भुक्तानी गर्दा १ / १ महिनाको शुल्क रकम अग्रिम रुपमा बुझाउनु पर्ने छ ।
१० जनस्वास्थयको दृष्टिकोणले प्रतिकुल पार्ने सामानहरु तथा नेपाल सरकारबाट निषेध गरिएका सामानहरु पर्किङ्ग गर्न गराउन पाईने छैन ।
११ सम्बन्धित निजि नम्बरी जग्गा न.पा. ले भाडामा बोलपत्र गर्न मञ्जुरी दिने जग्गा धनी र भाडामा मञ्जुरीनामा ल्याई सयोजन गर्ने व्यक्तिले समेत न.पा. को आधार मूल्य भन्दा माथि बोलपत्र प्रस्ताव गर्न पाउने छन् । यी जग्गा धनी र व्यक्तिले कानुन बमोजिम VAT मा दर्ता भै बोल पत्र राख्न चाहेमा व्यक्ति, संस्था, फर्म / कम्पनीको आधारमा बोलपत्र प्रस्ताव गर्न पाउने छन् ।
१२ बोल पत्र प्रस्ताव गर्ने व्यक्ति / फर्म / कम्पनी / संस्थाले यस पूर्व नगरपालिकालाई तिनुपर्ने बाकी बक्यौता भए सो रकम चुक्ता गरेपछि मात्र बोलपत्र दाताको लागी योग्य हुने छन् ।प्रस्तावमा नै तिर्न बाँकी बक्यौता छैन भनि घोषणा गर्नु पर्ने छ ।
१३ पार्किङ्ग स्थलमा पानी विद्युत महशुलको भुक्तानी सम्बन्धित बोल पत्र दाताले नै गर्नुपर्ने छ । पार्किङ्ग स्थानको सरसफाई दिसा पिसाब गर्ने चर्पीको राम्रो प्रबन्ध बोलपत्र दाताले नै व्यवस्थापन गर्नु पर्ने छ ।
१४. बोलपत्र दाताले पार्किङ्ग भाडामा लिने कि.न. क्षेत्रफल जग्गा र आवश्यकता अनुसार जग्गाको ब्लु प्रिन्ट र ट्रेस नक्सा एवं सवारी साधनमा तोकिएको भाडा शुल्क नगरकार्यपालिकाले तोके अनुसार हुनुपर्ने छ । नगरपालिकाले तोकेको जमिनमा मात्र पार्किङ्ग गर्न पाईने छ भने तोकेको शुल्क भन्दा बढि सवारी साधनको दैनिक भाडा लिन पाइने छैन । जग्गाको कित्ता नं. र सवारी साधनको तोकिएको अवधिको भाडा शुल्क दर रेट बोलपत्र दाताले मागेको समयमा नगरपालिकाको कार्यालयले उपलब्ध गराउने छ ।
१५. यस सूचनामा थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं ०७८-५७५३९६ मा राजश्व शाखा प्रमुख श्री अविनाश पन्थी संग सम्पर्क राख्न सक्नुहुनेछ ।
१६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार देवचुली नगरपालिकाको कार्यालयमा सुरक्षित हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
देवचुली नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (ब.सु.पू.) ।

Scanned by CamScanner